अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

पौवादुङमा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः- ८ संख्याः- ०१ मितिः-२०८१/०५/०७

## भाग-२

## पौवादुङमा गाउँपालिका

गाउँपालिकास्तरीय खेलकुद विकास समिति गठन र सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना :** पौवादुङमा गाउँपालिकामा सञ्चालन हुँदै आएको खेलकुदका कार्यक्रम खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यवसायिक सुरक्षा, वडास्तरीय, पालिका स्तरीय, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्दै, स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराइ देशभक्त, स्वाभिमानि, समाजप्रति, उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तनप्रति सचेत

नागरिक तयार गर्ने उद्देश्यसहित स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) ले दिइएको अधिकार प्रयोग गरी पौवादुङमा गाउँपालिका गाउँ कार्यपालिकाले **गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन र सञ्चालन सम्बन्धी कार्यविधि, २०८१** स्वीकृत गरी जारी गरिएको छ ।

**परिच्छेद-१**

**संक्षिप्त नाम र प्रारम्भः**

यो कार्यविधिको नाम **गाउँपालिकास्तरीय खेलकुद विकास समिति गठन र सञ्चालन सम्बन्धी कार्यविधि, २०८१** रहेको छ र यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. 'गाउँपालिका' भन्नाले पौवादुङमा गाउँपालिकालाई जनाउँदछ।

ख. 'कार्यविधि' भन्नाले पौवादुङमा गाउँपालिका, गाउँपालिकास्तरीय खेलकुद विकास समिति गठन र सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ भन्ने सम्झनु पर्दछ।

ग. 'सल्लाहकार समिति' भन्नाले दफा-३ बमोजिम गठन भएको सल्लाहकार समिति सम्झनु पर्दछ।

घ. 'गाउँ खेलकुद विकास समिति' भन्नाले दफा-४ बमोजिम गठन भएको गाउँपालिकास्तरीय खेलकुद विकास समिति सम्झनु पर्दछ ।

ङ. 'खेलकुद' भन्नाले शारीरिक तथा मानसिक प्रयास र सीपको माध्यमबाट व्यक्तिगत वा समूहमा प्रतिस्पर्धात्मक क्रियाकलापमा संलग्न रही नतिजामुखी उपलब्धि हासिल गर्ने क्रियाकलापमा सक्रिय रहने कार्यालाई सम्झनु पर्छ र सो शब्दले प्रचलित व्यवसायिक, पर्यटकीय, साहसिक तथा परम्परागत खेलहरुलाई समेत जनाउँछ ।

च. 'संरक्षक' भन्नाले पौवादुङमा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

छ. 'अध्यक्ष' भन्नाले गाउँपालिका खेलकुद विकास समितिको अध्यक्ष सम्झनु पर्छ ।

ज. 'खेलाडी' भन्नाले खेलकुदमा संलग्न व्यक्ति सम्झनु पर्छ ।

झ. 'प्रशिक्षक' भन्नाले पौवादुङमा गाउँपालिकाद्वारा खेल प्रशिक्षक भनी नियुक्ति प्रदान गरेको व्यक्ति तथा गाउँपालिकाबाट सञ्चालित खेलको प्रशिक्षणमा सहभागी प्रशिक्षक भन्ने सम्झनुपर्छ ।

ञ. 'खेलकुद विकास कोष' भन्नाले पौवादुङमा गाउँपालिका, खेलकुद विकास कोषलाई सम्झनु पर्छ ।

ट. 'खेलाडी विवरण' भन्नाले खेलको टिम, क्लब, संघ, संस्थाले आफ्नो टिम, क्लब, संघ, संस्थामा आबद्ध रही पेश गरेको विवरण सम्झनु पर्छ ।

## परिच्छेद -२

**सल्लाहकार समित गठन :**

१. गाउँको समग्र खेलसँग सम्बन्धित कार्यक्रम र गाउँपालिका खेलकुद विकास समितिलाई आवश्यक सहयोग र सल्लाह प्रदान गरी मार्गनिर्देशन गर्न देहायबमोजिमको सल्लाहकार समिति रहनेछ ।

क. गाउँपालिका अध्यक्ष- अध्यक्ष

ख. गाउँपालिका उपाध्यक्ष- सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत-सदस्य

घ. सामाजिक विकास समितिको संयोजक वा संयोजकले तोकेको सो समितिको सदस्य-सदस्य

ङ. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य-सचिव

**गाउँ खेलकुद विकास समितिको गठन र बैठक सम्बन्धी कार्यविधिः**

१. गाउँपालिकाले गाउँपालिकाको अध्यक्षको संरक्षकत्वमा देहायबमोजिमको पदाधिकारी रहने गरी ११ सदस्यीय गाउँपालिका खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

क. खेलकुदका क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ख्यातिप्राप्त पूर्व खेलाडी वा प्रशिक्षकको रुपमा निरन्तर क्रियाशील व्यक्तिहरुमध्येबाट गाउँपालिका अध्यक्षले तोकेको १ जना- अध्यक्ष

ख. स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल जगतमा प्रतिष्ठा कायम गरेका खेलाडी वा पूर्व खेलाडी प्रशिक्षक मध्येबाट महिला खेलाडीको समेत प्रतिनिधित्व हुने गरी सल्लाहकार समितिको सिफारिसमा गाउँपालिका अध्यक्षबाट मनोनित १० जना- सदस्य

ग. गाउँपालिका खेलकुद विकास समितिको अध्यक्षले तोकेको समितिका सदस्यहरुमध्येबाट १ जना सदस्य- सदस्य-सचिव

२. उपदफा (१) बमोजिमको सदस्यको मनोनयन गर्दा भौगोलिक क्षेत्र तथा समावेशिताका आधारमा गर्नुपर्नेछ ।

३. समितिले आवश्यकता महसुस गरेमा अन्य स्थानीय तह वा जिल्लाको खेल क्षेत्रमा ख्याति प्राप्त व्यक्तिलाई विशेषज्ञ सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ साथै सल्लाहकार समितिले आवश्यकता र औचित्यका आधारमा समितिमा मानर्थ सदस्य र आमन्त्रित सदस्य थप गर्न सक्ने छ ।

४. गाउँपालिका खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ र पदावधि समाप्त भएपछि उपदफा १ बमोजिम पुनर्नियुक्ति हुन सक्नेछ ।

५. गाउँ खेलकुद विकास समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकारः खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

१. गाउँपालिकास्तरीय खेलकुद कार्यक्रमको वार्षिक योजना र कार्यक्रम निर्माण गरी गाउँपालिका अध्यक्षबाट स्वीकृत गराउने ।

२. स्थानीय स्तरका खेलकुदका लागि भौतिक पूर्वाधार निर्माण सम्बन्धी विकास योजना निर्माण गर्ने।

३. खेलकुदको स्तरवृद्धिका लागि अन्तरपालिका स्तरका र अन्य खुला विभिन्न विधामा खेलकुद प्रतियोगिताहरु आयोजना तथा सञ्चालन गर्ने गराउने।

४. शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी प्रशिक्षण र खेल प्रतियोगिता सञ्चालन गर्ने तथा खेलको आवश्यकता र महत्वको बारेमा प्रचार प्रसार गर्ने, गराउने।

५. खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी समितिका सदस्य तथा कर्मचारीलाई अन्य स्थानीय तह, जिल्ला, प्रदेश र संघमा पठाउन सिफारिस गर्ने ।

६. खेलसँग सम्बन्धित रही स्थानीय स्तरका खेलकुद प्रशासन, शैक्षिक संस्था, क्लब, खेलसँग सम्बन्धीत प्रशिक्षण संस्थाहरूसँग समन्वय तथा नियमन गर्ने र आवश्यक निर्देशन दिने ।

७. गाउँपालिकालाई खेलकुद विकास सम्बन्धी विषयमा आवश्यक राय सुझाव दिने ।

८. खेलकुदसँग सम्बन्धित संघ, क्लब, संस्थाहरुलाई आर्थिक सहयोगको लागि गाउँपालिकासमक्ष सिफारिस गर्ने ।

९. खेलकुदसम्बन्धी स्तरउन्नती हुने पुस्तक, पर्चा, चलचित्र वा भिडियो आदिको स्रष्टा एवम् निर्मातालाई आर्थिक वा अन्य सहयोग गरी प्रोत्साहित गर्न गाउँपालिका समक्ष सिफारिस गर्ने ।

१०. खेलकुदको दीर्घकालीन विकासको लागि आवश्यकता अनुसार प्रत्येक वडामा खेलमैदान निर्माण गरी रेखदेख तथा संरक्षण गर्ने ।

११. खेलाडीको स्तरोन्नति गर्न आवश्यकता अनुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरूबाट प्रशिक्षण चलाउन प्रस्ताव गर्ने र उपयुक्त खेलाडीको छनोट गरी आवश्यकता अनुसार विदेशमा समेत तालिम हाँसिल गर्नको लागि सिफारिस गर्ने ।

१२. गाउँ, जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा उत्कृष्टता हासिल गर्ने खेलाडी एवं उत्कृष्ट प्रशिक्षकलाई पुरस्कृत गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

१३. गाउँ भित्रका खेलाडीलाई आर्थिक सहायता प्रदान गर्नका लागि गाउँपालिका समक्ष सिफारिस गर्ने ।

१४. खेलाडीको श्वास्थ्य प्रवर्धनको लागि आवश्यक व्यवस्था गर्ने ।

१५ विभिन्न कारणबाट शारीरिक वा मानसिक रूपमा विकलाङ्ग हुन पुगेका अपाङ्गता भएका व्यक्तिहरुको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालनको व्यवस्था गर्ने ।

१६. वडास्तर र विद्यालयस्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने, गराउने ।

१७. खेलकुद मार्फत रोजगार वृद्धिका लागि आवश्यक पहल गर्ने ।

१८. वडास्तरमा खेलकुदको समन्वय र नियमन गर्ने साथै खेलकुद विकासका लागि अन्य आवश्यक कार्य गर्ने गराउने ।

**अध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. गाउँपालिका खेलकुद विकास समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने ।

२. वार्षिक कार्ययोजना तयार गरी स्वीकृत गराउने र खेलकुद प्रतियोगिताहरुको आयोजना गरी सञ्चालन तथा व्यवस्थापन गर्ने, गराउने ।

३. गाउँ, जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने, गराउने।

४. गाउँपालिका खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नुपर्ने खेलकुद सम्बन्धी सम्पूर्ण सिफारिसहरू गर्ने ।

५. समितिले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।

**सदस्य सचिवको काम, कर्तव्य र अधिकारः**

१. बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र अध्यक्षको आदेश अनुसार बैठकको लागि आवश्यक विषय सूची र सामग्री जुटाउने ।

२. बैठक माइन्युट गर्ने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम कारबाही गर्ने साथै समितिको सचिवालयको व्यवस्थापन गर्ने ।

**समितिका सदस्यहरुको पदावधिः**

१. मनोनित सदस्यहरूको पदावधि ३ वर्षको हुनेछ। पदावधि समाप्त भएपछि निज व्यक्तिहरु पुनः मनोनयन हुन सक्नेछन् ।

२. पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ४ मा उल्लेखित प्रकृया बमोजिम पदपूर्ति गरिनेछ।

३. सदस्यले राजिनामा गरी स्वीकृत भएमा आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

४. कुनै सदस्यले आफ्नो कर्तव्य पालना गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा गाउँपालिका अध्यक्षले जुनसुकै बखत हटाउन सक्नेछ र त्यस्तो कारबाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट वञ्चित गरिने छैन ।

**सदस्यको अयोग्यताः** देहाएको कुनै पनि व्यक्ति सदस्यमा मनोनित हुन वा बहालमा रहन सक्ने छैन ।

१. गैर नेपाली नागरिक ।

२. समितिमा कार्यरत बैतनिक कर्मचारी ।

३. साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको ।

४. नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको ।

५. मानसिक सन्तुलन ठिक नभएको ।

**सदस्यता समाप्त हुने अवस्थाः देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछ ।**

१. दफा- ९ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा ।

२. सदस्यले राजीनामा गरेमा वा सदस्यको मृत्यु भएमा ।

३. समितिलाई सूचना नदिई लगातार ३ पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

**समितिको बैठक र निर्णयः**

१. अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ ।

२. समितिको बैठकको अध्यक्षता गाउँ खेलकुद विकास समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

३. समितिको कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

४. समितिको बैठक कम्तीमा २ महिनामा १ पटक बस्नेछ।

५. बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

६. बैठकको निर्णय पुस्तिका सदस्य-सचिवले सुरक्षित राख्नु पर्नेछ ।

## परिच्छेद -३

**खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनः**

१. गाउँपालिका खेलकुद विकास समितिले आफैंले दर्ता गरेका वा यसअघिनै गाउँपालिकामा दर्ता भएका टिम, क्लबहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न वा गराउन सक्नेछ ।

२. खेलकूद प्रतियोगिता सञ्चालनसम्बन्धी वार्षिक कार्ययोजना गाउँपालिका अध्यक्षबाट स्वीकृती लिनुपर्नेछ ।

३. गाउँपालिका खेलकुद विकास समिति आँफैले वा गाउँपालिका भित्रका टिम, क्लबहरु मार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय टिमसँगको सहकार्यमा खेलकुद प्रतियोगिता आफैं सञ्चालन गर्न वा गराउन सक्नेछ ।

**परिच्छेद -४**

**खेलकुद सम्बन्धी संघ, संस्था र क्लबको दर्ता र व्यवस्थापनः**

१. खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले गाउँ खेलकुद विकास समितिमा समेत दर्ता गर्नु पर्नेछ । त्यसरी दर्ता गराउन चाहने संस्थाले संस्था दर्ता प्रमाणपत्र र विधानको प्रतिलिपि सहित संलग्न राखी तोकिए बमोजिम निवेदन दस्तुरका साथ दर्खास्त दिनु पर्नेछ ।

२. पौवादुङमा गाउँपालिका भित्रका खेलकुद टिम, क्लब, समिति र संस्था आदिको विकास गर्ने उद्देश्यले वडास्तरीय खेलकुद टिम र क्लब गठन गर्न चाहेमा फारम शुल्क रु. १०० र दर्ता शुल्क रु. ५०० राजस्व तिरी सम्बन्धित वडाको वडा अध्यक्षको सिफारिस सहित दर्ताको लागि समितिमा निवेदन पेश गर्नुपर्नेछ।

३. प्रक्रिया पुगी निवेदन पेश हुन आएका वडास्तरीय खेलकुद टिम र क्लबहरूलाई गाउँपालिका खेलकुद विकास समितिले दर्ता गरी स्वीकृती प्रदान गर्न सक्नेछ ।

४. दर्ता भएका खेलकुद टिम र क्लबले जुनसुकै प्रतियोगिता गर्नुभन्दा अगाडि गाउँपालका खेलकुद विकास समितिबाट स्वीकृती लिनुपर्नेछ ।

५. दर्ता भएको खेलकुद टिम वा क्लबले प्रत्येक आर्थिक वर्षको शुरु महिनामा वार्षिक प्रगति विवरण समावेश गरी रु. ५०० राजस्व बुझाई नवीकरणको लागि गाउँपालिका खेलकुद विकास समिति समक्ष

निवेदन पेश गरी दर्ता नवीकरण गर्नुपर्नेछ ।

६. गाउँपालिका खेलकुद विकास समितिमा दर्ता भएका खेलकुद टिम वा क्लब, खेलकुदसँग आवद्ध संघ संस्थाहरुले गाउँपालिका खेलकुद विकास समितिको उद्देश्यअनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई गाउँपालिका खेलकुद विकास समितिले समितिको सिफारिसमा गाउँपालिकाबाट आर्थिक सहयोग एवं पुरस्कार व्यवस्थापनका लागि सहयोग गर्न सक्नेछ ।

७. गाउँपालिका खेलकुद विकास समितिले टिम दर्ता निवेदन फारम, नवीकरण फारम, प्रशिक्षक/ प्रशिक्षार्थी परिचयपत्र, प्रमाणपत्र आदिको ढाँचा निर्धारण गरी लागू गर्न सक्नेछ ।

## परिच्छेद -५

**खेलकुद गोष्ठी, सभा र कार्यक्रम व्यवस्थापनः**

१. गाउँपालिकाले राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टिम हरुलाइ स्वागत कार्यक्रम गर्न सक्नेछ । २. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्न र गराउन सक्नेछ।

३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवम् अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

६. पौवादुङमा गाउँपालिकाको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार खेलकुद टिम वा क्लव वा खेलसँग सम्बन्धित संघ संस्थाका प्रतिनिधिहरुलाई गाउँपालिका खेलकुद विकास समितिले बैठक वा रचनात्मक कार्यक्रममा आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद -६

**खेलकुद प्रतियोगिता व्यवस्थापनः**

१. गाउँपालिका भित्र आयोजना हुने जुनसुकै खेल प्रतियोगिता सञ्चालन गर्न गाउँपालिका खेलकुद विकास समितिले गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ ।

२. अन्तर गाउँपालिका लगायत जिल्ला, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आबद्ध टिम, क्लब, संघ, संस्था, बिद्यालय वा कलेजलाई सहभागी गराइनेछ ।

७. गाउँपालिका खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिकाले निर्णय गरेबमोजिम जिल्ला बाहिर कुनै खेल प्रतियोगितामा सहभागी हुन जाने टिमका खेलाडी प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गर्न सक्नेछ ।

क. प्रतियोगिता भाग लिन जाँदा खाना, बस्न र पारवहनका लागि खर्च उपलब्ध गराउन सकिनेछ।

ख. प्रतियोगितामा जान आउन सम्भव भएसम्म स्थलमार्ग र सार्वजनिक यातायातको प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद -७

**तालिम तथा प्रशिक्षक व्यवस्थापनः**

१. गाउँपालिका खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागि आवश्यकताअनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिइनेछ ।

२. प्रशिक्षार्थीहरु प्रशिक्षणमा सहभागी हुन गाउँपालिका खेलकुद विकास समितिले निर्धारण गरेको फारम बुझाइ आवेदन दिनु पर्नेछ ।

३. फूटबल खेल प्रशिक्षणको लागि एन्.फा.बाट लाइसेन्स प्राप्त व्यक्तिलाई बढीमा मासिक रु. २५,०००/- (अक्षरुपी पच्चिस हजार रुपैयाँ मात्र) सुविधा पाउने गरी १ जना प्रशिक्षक गाउँपालिका खेलकुद विकास समितिले प्रचलित ऐन, नियम अनुसार नियुक्ति गर्न गाउँकार्यापालिकामा सिफारिस गर्नुपर्ने छ ।

४. कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षको लागि हुनेछ । आवश्यकता अनुसार म्याद थपघट गर्दै लगिनेछ ।

५. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक समानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैंले जुटाउनुपर्नेछ ।

६. प्रशिक्षकले आवश्यक सामानको सूची तयार गरी सम्बन्धित निकायमा माग गर्ने, प्रशिक्षण सामग्रीको

अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित अनुशासनमा राख्ने र प्याकेज प्रोग्राम प्रशिक्षण र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मेवारी गाउँपालिका खेलकुद विकास समितिको रहनेछ।

८. प्रशिक्षकले हप्ताको ६ दिन खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नुपर्नेछ ।

## परिच्छेद -८

**गाउँपालिका खेलकुद विकास कोषको व्यवस्थाः**

१. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता सञ्चालन लगायतका क्रियाकलापको लागि पौवादुङमा गाउँपालिकामा गाउँपालिका खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

२. कोषका स्रोतहरू देहाय बमोजिम हुनेछन्:

क. नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तर्राष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद,

ख. विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

ग. गाउँ भित्रका टिम, क्लब दर्ता आवेदन शुल्क, नवीकरण शुल्क, फाराम शुल्क,

घ. गाउँपालिकाले विनियोजन गरेको खेलकुद शीर्षकको बजेट,

ङ. गाउँपालिका र गाउँ खेलकुद विकास समितिको उद्देश्य, नीति र स्वार्थमा नकारात्मक असर नपर्ने गरी प्राप्त हुन आउने चन्दा, आर्थिक अनुदान वा दान आदि ।

३. कोषको सञ्चालन र लेखा परीक्षणः

क. गाउँपालिका खेलकुद विकास समितिको निर्णयअनुसार समितिको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट गाउँपालिकाले तोकेको बैंकमा खाता सञ्चालन गर्नुपर्नेछ । वार्षिक रुपमा गरेको आर्थिक कारोबारको लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट हुनेछ ।अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।लेखा परीक्षण गराउने जिम्मेवारी समितिको हुनेछ ।

ख. गाउँ खेलकुद विकास समितिको अध्यक्षले देहाय बमोजिमको शीर्षकमा बढीमा रु. १०,०००/- सम्म कोषबाट खर्च गर्न सक्नेछ र यसरी गरिएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियमानुसार फच्र्यौट गर्नुपर्नेछ ।

अ. खेलकुद प्रतियोगिता सञ्चालन हुँदा तत्काल गर्नुपर्ने खर्च,

आ. खेल प्रतियोगिताका लागि खेलाडी छनौट गरी पठाउँदा तत्काल उपलब्ध गराउनु पर्ने यातायात खर्च, पोशाक व्यवस्थापन र खेल सामग्रीहरुमा हुने खर्च,

इ. खेल अवधिमा हुने सम्भावित दुर्घटनामा गरिने उपचार खर्च र सो अवधिमा नपुग खेल सामग्री व्यवस्थापन, खाना, खाजा खर्च लगायत तत्काल गर्नुपर्ने अन्य खर्च ।

## परिच्छेद -९

**खेलकुद पूर्वाधार निर्माण तथा मर्मतः**

१. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरूको सामान्य जडान तथा मर्मत गर्ने सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नुपर्ने छ ।

२. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको मागअनुसार गाउँ खेलकुद विकास समितिको कोषबाट मर्मत सम्भार गर्नेछ तर रकम अपुग भइ कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाउँपालिकामा सिफारिस गरी मर्मत सम्भारका लागि पठाउनुपर्ने छ ।

३. खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न गाउँपालिका खेलकुद विकास समितिको निर्णयअनुसार माग भइ आएमा गाउँपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम सहभागिताका आधारमा गर्नेछ ।

## परिच्छेद -१०

**आचारसंहिताः**

गाउँपालिका खेलकुद विकास समिति अध्यक्ष तथा सदस्यहरु तथा खेलसँग सम्बन्धित सबैले देहाय

बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ ।

१. खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक सबैले खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागूऔषध, मादक पदार्थ र सुर्तीजन्य पदार्थ सेवन गर्न पाइने छैन ।

२. प्रतिस्पर्धी टिमले विदेशी नागरिक मात्र समावेश गरेर स्वदेशी टिम बनाउन पाउने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गर्रिँदा गैरनेपाली टिमलाई मान्यता दिइनेछ ।

३. प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ ।

४. नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएका खेलाडी र खेलको नियमअनुसार कारबाही तोकिएका खेलाडीहरुलाई खेलको टिमबाट हटाइने छ ।

५. खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफी कहीं कतै बेच्न, धरौटी राख्न, उपहार दिन पाइने छैन तर कुनै दर्तावाल क्लब विघटन हुन गइ उक्त क्लबले प्राप्त गरेका शिल्ड, ट्रफी गाउँपालिकाको स्वीकृतिमा अर्को दर्तावाला क्लबलाई उपहार दिन भने बाधा पर्ने छैन ।

६. कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइने छैन तर संरक्षण गर्न बाधा पर्ने छैन ।

७. खेलको निर्णायक राख्दा तालिमप्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन ।

८. खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ हुटिङ अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइने छ तर विपक्ष टिमको व्यक्तिहरुबाट टिमलाई लक्षित गरी कार्टुन, चित्रकारिता, हुटिङ व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

९. खेलको विकास गरी प्रचारप्रसार र प्रतिस्पर्धा क्षमता विकास गर्न गाउँपालिकाले स्विकृति र इजाजत बिना आफ्नो टिमको नाममा जबरजस्ती चन्दा उठाउन पाइने छैन ।

१०. गाउँपालिकाको स्वीकृति वा इजाजत लिइ उठाएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाइ सम्बन्धित समितिबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

११. यसअघि नै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सूचीकृत भएका संस्थाहरूले गाउँ खेलकुद

विकास समितिमा जानकारी दिनु पर्नेछ । सो सम्बन्धमा गाउँ खेलकुद विकास समितिले स्वीकृति दिएमा मात्र संस्थाहरूले खेल सञ्चालन गर्न पाउनेछन् ।

**अनुशासनको कारवाहीः**

खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनुपर्ने छ । कसैले अनुशासन र आचार संहिताको उल्लङ्घन गरेमा गाउँपालिका खेलकुद विकास समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ तर एक वर्षमा तीन पटक भन्दा बढी चेतावनी पाइसकेको खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई खेलमा सहभागी हुन नपाउने गरी गाउँपालिका खेलकुद विकास समितिले निलम्बन गर्न सक्नेछ साथै गाउँपालिका खेलकुद विकास समितिका कुनै सदस्यले यो कार्यविधि विपरित कार्य गरे वा गराएमा सल्लाहकार समितिको सिफारिसमा गाउँपालिका अध्यक्षले सो सदस्यलाई समितिबाट निलम्बन गर्न सक्नेछ ।

**संस्थाको विघटनः**

१. दर्ता भएका खेलकुद संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन् ।

क. संस्थाको दुईतिहाइ बहुमतले संस्था विघटन गर्ने भन्ने निर्णय गरेमा ।

ख. लगातार ३ वर्ष सम्म संस्था नवीकरण नगरेमा ।

ग. संस्थाले लगातार ३ वर्षसम्म कुनै प्रतियोगितामा सहभागी नभएमा वा कुनै खेलकुदका कार्यक्रम आयोजना नगरेमा ।

**विघठित संस्थाको सम्पत्तिः**

विघटन भएको संस्थाको सम्पत्ति गाउँपालिका मातहतमा रहनेछ ।

**समितिको सचिवालयः**

गाउँपालिका खेलकुद विकास समितिको सचिवालय गाउँपालिकाले तोकेको स्थानमा रहनेछ ।

**समितिको छाप र लेटरप्याडः**

गाउँपालिका खेलकुद विकास समितिको नाममा एउटा छुट्टै छाप र लेटरप्याड रहनेछ ।

**प्रतिवेदन पेश गर्नुपर्नेः**

गाउँपालिका खेलकुद विकास समितिको वार्षिक प्रगति प्रतिवेदन संयोजकले गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**खारेजी र बचाउः**

१. यस कार्यविधिमा उल्लिखित कुनै कुरा सङ्घीय र प्रदेश कानूनसँग बाझिन गएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

२. यस अघि नियमानुसार भए गरेका काम कारवाही यस कार्यविधिमा समावेश भएको हकमा यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

३. यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा सोको व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

४. यस कार्यविधिलाई आधार मानी गाउँपालिका खेलकुद विकास समितिले अन्य मापदण्ड बनाइ कार्यान्वयन गर्न सक्नेछ ।

५. यसमा उल्लेख गरिएका विषयवस्तु प्रचलित कानूनसँग बाझिएमा वा कुनै दुविधा भइ संशोधन गर्नुपर्ने भएमा पौवादुङमा गाउँपालिका गाउँकार्यपालिकाले आवश्यकताअनुसार संशोधन गर्न सक्नेछ ।

आज्ञाले,

नविन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत